नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास महाशाखा
कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा

फोन नं.
४२११९१५
फ्याक्स
४२११८३९
४२११९३५

प.सं. ०७५/७६
च.नं.

सिंहदरबार
काठमाण्डौ, नेपाल

मिति २०७५/६/२९

# स्वतन्त्र सर्भेयर सूचीकृत गरिएको सम्बन्धी सूचना !!

(निर्णय भएको मिति २०७५/६/१८)

नेपालभित्र आयात गरिने रासायनिक मल, प्राङ्गारिक एवम् जैविक मलको नियमनको लागि नेपाल सरकारद्वारा जारी गरिएको रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (संशोधन सहित) को दफा ८ एवम् प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (संशोधन सहित) को दफा ६ को उपदफा (४) बमोजिम परिमाण, गुणस्तर, प्याकेजिङ्ग र लेबेलिङ्गबारे स्वतन्त्र सर्भेयरको हैसियतमा सर्भेक्षण गरी प्रमाणित गर्ने अख्तियारीको मान्यता पाउनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मिति २०७५/०५/१ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको सूचनाका आधारमा पर्न आएका २ आवेदनहरुमा तोकिएको योग्यता र शर्तहरु पुरा गरेका देहाय बमोजिमका २ संस्थाहरुलाई नेपाल सरकार (सचिवस्तर) को मिति २०७५/०६/१८ को निर्णयानुसार स्वतन्त्र सर्भेयरको रुपमा सूचीकृत गर्ने निर्णय गरिएको छ ।

<u>तपशिल</u>

१. Aastha Scientific Research Service Pvt. Ltd., Dillibazar, Kathmandu
२. Nepal Environmental & Scientific Services (P) Ltd., Thapathali, Kathmandu

निर्णय भएको मिति देखि रासायनिक मल, प्राङ्गारिक मल, सुक्ष्म तत्व तथा यस प्रकारका मल एवम् सुक्ष्म तत्व उत्पादन गर्न आवस्यक कच्चा पदार्थ पैठारी गर्ने संघ/संस्था/व्यक्तिहरुले अनिवार्य रुपमा लोडपोर्ट सर्टिफीकेट समेतलाई आधार मानी सूचीकृत सर्भेयरबाट परिमाण, गुणस्तर, प्याकेजिङ्ग र लेबेलिङ्गबारे रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (संशोधन सहित) एवम् प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ (संशोधन सहित) बमोजिम भए नभएको सर्भेक्षण गराई अनलोड पोर्ट सर्टिफीकेट लिने र सो को जानकारी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास महाशाखा, कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखामा गराउने व्यवस्था हुन समेत अनुरोध छ ।